<u>**संवत् २०७८ साल कार्तिक ३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः**</u>

**प्र.मं.प.बै.सं. २९।०७८**

१. प्रदेश नीति तथा योजना आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने।

२. अस्पताल व्यवस्थापन समिति (पहिलो संशोधन) गठन आदेश, २०७८ स्वीकृत गर्ने।

३. संक्रामक तथा सरूवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति (पहिलो संशोधन) गठन आदेश, २०७८ स्वीकृत गर्ने।

४. सवारी साधन व्यवस्थापन र परिचालनको लागि देहाय बमोजिमको समिति गठन गर्ने र कार्यशर्त तोक्नेः

**(क) समितिः**

प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

प्रदेश सचिव, अर्थ मन्त्रालय - सदस्य

प्रदेश सचिव, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

**(ख) कार्यशर्तः**

१. सवारी साधनको अद्यावधिक विवरण (चालु, मर्मत सम्भार गर्नुपर्ने, लिलाम-विक्री गर्नुपर्ने) तयार गर्ने,

२. प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, पदाधिकारीहरु र कर्मचारीहरुका लागि नयाँ सवारी साधन खरिद गर्दा सवारी साधनको मापदण्ड तयार गरी मन्त्रालयलाई सिफारिस गर्ने,

३. सवारी साधनको मर्मत सम्भार गर्दा मापदण्ड तयार गरी मन्त्रालयलाई सिफारिस गर्ने,

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

<u>संवत् २०७८ साल कार्तिक ८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः</u>

**प्र.मं.प.बै.सं. ३०।०७८**

१. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल समयमा नै सञ्चालनमा ल्याउन सहजीकरण समिति गठन गर्ने।

२. मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूचीमा हेरफेर गर्ने।

३. घरेलु तथा साना उद्योग कार्यालय र पर्यटन कार्यालयको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

<u>संवत् २०७८ साल कार्तिक १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः</u>

प्र.मं.प.बै.सं. ३१।०७८

१. नमूना कार्यालय छनौट कार्यविधि, २०७८ स्वीकृत गर्ने।

२. दमौली अस्पताल, तनहूँको स्तरोन्नतिका लागि जग्गा प्राप्त गर्न नेपाल सरकारको सहमति प्राप्तिको लागि अनुरोध गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

# संवत् २०७८ साल कार्तिक २९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः

प्र.मं.प.बै.सं. ३२।०७८

१. औषधि उपचार सहायता रकम उपलब्ध गराउने।

२. वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ स्वीकृत गर्ने।

३. विद्युतीय गण्डकी प्रदेश (Digital Gandaki Province) अवधारणा पत्र स्वीकृत गर्ने।

४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचक अनुसूची थप गर्ने।

५. गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७८ स्वीकृत गर्ने।

६. पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत प्रदेश सरकार र विकास साझेदार तथा दातृ निकायहरु सँग सहकार्यको लागि सहमति माग गर्ने।

७. त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास समिति (गठन) आदेश, २०७८ स्वीकृत गर्ने।

८. पोखरालाई पर्यटन राजधानी तोकिदिन नेपाल सरकारलाई पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत अनुरोध गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।